# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, असोज २४ गते २०४६ साल ( अतिरिक्ताङ्क ३५ ( क )

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०४६ साल असोज २४ गते विजया दशमीको शुभ उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. नेपाली मात्रमा आपसी एकता र पारस्परिक सद्‌भावना बढाउने हाम्रो राष्ट्रिय चाड बडादशैं आज फेरि हाम्रो सामु आइपुगेको छ । सदाझैं यस शुभ घडीमा स्वदेश वा विदेशमा रहेका समस्त नेपालीका साथै सम्पूर्ण हिन्दू जगतको सुख, शान्ति र समृद्धिको निम्ति शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ । असत्यमाथि सत्यको जित अवश्य हुन्छ भन्ने आस्थालाई यस महान् चाडले सधैं बल पुऱ्याएको हुन्छ ।

२. आज संसारका सबै मुलुकहरू आफ्नो अस्तित्वलाई सुरक्षित राखेर स्वतन्त्र एवं स्वाधीन भई बाँच्न चाहन्छन् र हामी पनि यसरी नै बाँच्न चाहन्छौं । हाम्रो समाजमा एकातिर अशिक्षा, अज्ञानता र अनियन्त्रित जनसंख्या वृद्धिजस्ता विभिन्न समस्याहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छन् भने अर्कोतिर विद्यमान भौगोलिक व्यवधानहरूले गर्दा हामीले अनेक कठिनाइहरू झेल्नु परिरहेकै छ । यस अवस्थाबाट मुक्त भई आत्मसम्मानका साथ बाँच्न हामीले यथाशक्य आत्मनिर्भर हुनुपरेको छ । यस सिलसिलामा केही वर्ष यतादेखि हामीले लक्षित गरेको आधारभूत आवश्यकता परिपूर्ति गर्ने काममा लागिपर्नु हामी सबैको साझा कर्तव्य हुन आएको छ । आज प्रत्येक नेपालीले अरूमाथि दोष पन्छाउने प्रवृत्तिलाई त्यागेर देशहितको काममा आफ्नो कर्तव्यलाई बुझी आफूले सकुन्जेल सहयोग पुऱ्याउन सके निश्चय पनि हामी हाम्रा प्रयासहरूमा सफल हुनेछौं ।

३. यस बखत हामीले बुझ्नुपर्ने कुरा के छ भने हाम्रा आवश्यकताहरू अरू कसैबाट होइन हाम्रै प्रयास र पसीनाबाट मात्र पूरा हुन सक्छन् । त्यसैले अरूबाट काम भयो भएन भनी टिप्पणी गर्नुभन्दा पहिले आफूले गर्नुपर्ने काम गरेका छौं वा छैनौं भन्ने प्रश्न आफैलाई गरेर आफ्नो इमान्दारीको परीक्षा हामी आफैले गर्नुपरेको छ । सम्पूर्ण नेपालीको हित हुने विषयमा जति विकास गर्न हामी समर्थ हुन्छौं त्यति नै हाम्रा सम्भाव्यताहरू बढ्न गई हाम्रो स्वतन्त्रताको क्षितिज पनि फराकिलो हुँदै जानेछ । श्री नवदुर्गा भवानीले हामी सबैलाई यसतर्फ लाग्न प्रेरणा प्रदान गरून्– यही नै हाम्रो प्रार्थना छ ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

220